NEPAN Monthly E-Newsletter

Celebrating 25th Year

# नेपान ई-लेटर

वर्ष २१, अंक ४, पूर्णाङ्क ११८, कार्तिक, २०७६ (Year 21, Issue 4, Vol. 118, October/ November 2019)

## गतिविधिहरू

### सम्बोधन परियोजनाबाट विभिन्न कार्यक्रमहरू सम्पन्न

DFID को सहयोग र MOTT MacDonald को व्यवस्थापनमा नेपाल सहभागीमूलक कार्य समूह (नेपान), सिविएम इन्टरनेशनल, सप्रोस नेपाल र सामुदायिक विकास केन्द्र, नुवाकोटको सहकार्यमा सञ्चालित सम्बोधन परियोजनाअन्तर्गत नुवाकोट जिल्लाका भूकम्प प्रभावित ३ गाउँपालिकाहरु शिवपुरी, तादी र दुप्चेश्वरका जोखिमयुक्त समूहमध्ये ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला, अति विपन्न घरपरिवार र भूकम्पको कारणले विस्थापित घरपरिवारलक्षित गतिविधिहरु सञ्चालन भइरहेको छ। जसमध्ये केही मुख्य गतिविधिहरूलाई देहायबमोजिम समेटिएको छ।

#### तादी गाउँपालिका



सम्बोधन परियोजना अन्तर्गत नुवाकोट जिल्लाको तादी गाउँपालिकामा परियोजनाका प्राविधिकहरुबाट नियमित रुपमा प्राविधिक सहयोग हुँदै आइरहेको छ। ७ वटा वडा रहेको उक्त गाउँपालिकामा २०७६ कार्तिक महिना भित्र सोही गाउँपालिका वार्ड न ६ का टोप वहादुर पौडेल र वार्ड नम्वर ४ का काजीमान तामाङ्गलाई प्लाष्टिक टनेल प्रदान गरिएको छ। उक्त टनेलमा वेमौसमी तरकारी खेति गर्नुका साथै आधुनिक र व्यवसायीक तरिकाले खेति गर्न सकिने कृषि प्राविधिक लाक्पा थापाले जनाउनुभएको छ। वार्ड नम्वर ३, प्रभु डाँडाका एकल महिला मञ्राङ्गि तामाङ्ग र विमला परियारले बाख्राको आधुनिक खोर बनाई परम्परागत रुपमा गरिदै आएको बाख्रापालनलाई अझ व्यवस्थित गर्ने योजना बनाउनु भएको कारण परियोजनाले खोर को लागि चाहिने आवश्यक सामाग्रीहरु हस्तान्तरण गरी उनीहरुको जीविकोपार्जनमा सहयोग गरेको छ।

त्यसैगरी, वार्ड नम्वर ५, नर्जा मण्डपकी मञ्जु ओझा र सावित्री अधिकारी अपाङ्गता भएका व्यक्ति भएको कारण हिडडुलमा समस्या रहेको छ। वैशाखीको माध्यमबाट उनीहरुलाई हिडडुल गर्न सहज हुने भएको हुँदा सम्बोधन परियोजनाले आवश्यक जाँच गरि वैशाखी प्रदान गरेको छ। साथै, उत्पादन भएका टमाटरलाई बजारसम्म ढुवानी गर्नको लागि ४ जनालाई क्रेट (ऋचबतभ) प्रदान गरेको छ।

कमजोर आर्थिक अवस्थाको कारण सोही गाउँपालिकाकि निर्मला नेपालीलाइ सिलाई वुनाई सम्बन्धी ज्ञान भएतापनि राम्रो मेशिनको अभावमा व्यवसायलाई राम्रोसँग अगाडि बढाउन नसकेको कारण परियोजनाले सिलाई मेशिन प्रदान गरेको छ। साथै, समावेशी समुहका सवै सदस्यहरुको लागि प्याजको वेर्ना वितरण गरिएको छ।

#### दुप्चेश्वर गाउँपालिका



सम्वोधन परियोजनाको दातृ निकायको रुपमा रहेको मँक्ष्म का प्रतिनिधिहरुले दुप्चेश्वर गाउँपालिकामा परियोजनाका विभिन्न गतिविधिको निरिक्षण गरेका थिए। कार्त्तिक महिनाको २६ गते सोही गाउँपालिका वार्ड नम्वर ३ गतारका कैली सुनारको आवास पुनर्निमाणको लागि गरिएको सहयोगको निरिक्षण गर्नुका साथै सोही वडाका श्याम वि.क.को बँगुरपालन, कृष्ण वि.क.को परम्परागत आरन व्यवसायमा लाई आधुनिक र व्यवसायिक बनाउन गरिएको सहयोग र सोही वडा कल्लेरीका अपाङ्गता तथा ज्येष्ठ नागरिक कान्छा तामाङ्गको टनेल प्रविधिमा आधारित तरकारी खेतिको निरिक्षण गरिएको थियो।

साथै, कार्त्तिक महिना भित्र सोही गाउँपालिकाको वार्ड नम्वर ३ कल्लेरी र ४ जिम्वाङ्ग मा रहेका क्रमशः श्याम वि.क., रामकृष्ण कामी र कृष्ण वहादुर वि.क.को परम्परागत रुपमा रहेको आरन व्यवसायलाई प्रविधिमा आधारित मेशिन प्रदान गरी व्यवसायिक बनाइएको छ। त्यसैगरी, सुनिल नेपाली (अपाङ्गता भएको व्यक्ति), हस्त वहादुर नेपाली (विपन्न घरपरिवार), रामकृष्ण दर्जी (अपाङ्गता भएको व्यक्ति) र हरि वहादुर नेपाली (विपन्न घरपरिवार)को परम्परागत सिलाई पेशालाई प्रविधिमा आधारित सिलाई मेशिन प्रदान गरीएको छ। दुप्चेश्वर गाउँपालिका वार्ड नम्वर ३ का रुपमाया तामाङ्ग र आकृति तामाङ्गलाई सिलाई मेशिन प्रदान गरी आर्थिक उपार्जनमा सहयोग हुने विश्वास गरिएको छ।

**शिवपुरी गाउँपालिका**



सम्बोधन परियोजनाको लाभान्वित समूहमा पर्नु भएका शिवपुरी गाउँपालिका वार्ड नम्वर ५ शिकेका कान्छालाल तामाङ्ग र विरवहादुर तामाङ्गलाई टनेल प्रविधिमा आधारित टमाटर (गोलभेडा) खेति शुरुवात गरिएको छ । त्यसैगरी, समुन्द्रादेवी वस्ने ज्येष्ठ नागरिक भलक बहादुर थापालाई पनि सोही प्रविधिमा आधारित गोलभेडा खेतीको लागि सहयोग प्रदान गरिएको छ । शिवपुरी गाउँपालिका वार्ड नम्वर ७ र ८ वस्ने एकल महिला क्रमशः सिता मिजार बस्नेत र गँगामाया उप्रेतिलाई पनि प्लाष्टिक टनेल निर्माण गरि एको छ ।

त्यसैगरी, यसवेला उत्पादन भएको कोदोको मूल विउ भण्डारण गर्नको लागि विशेष खालको बोरा प्रदान गरिएको छ । प्लाष्टिक टनेलबाट उत्पादन भएका टमाटरको सुरक्षित भण्डारण र वजारीकरणको सहजताको लागि क्रेट (Crate) प्रदान गरिएको छ भने तरकारी उत्पादनको लागि नयाँ ९ वटा योजनाहरुको छनोट गरिएको छ ।

## मानव अधिकार राष्ट्रिय महाभेला, २०७६ औपचारिक हस्तान्तरण कार्यक्रममा नेपानको सहभागिताः

२०७६ कार्तिक २१ गते तदनुसार ७ नोभेम्बर २०१९मा आयोजना गरेको मानव अधिकार राष्ट्रिय महाभेला –२०७६ को औपचारिक हस्तान्तरण तथा महाभेला २०७५ को प्रतिवेदन सार्वजनिकरण कार्यक्रममा नेपानकी कार्यकारी निर्देशक उषा अर्याल दाहालको सहभागिता रहेको थियो । मानव अधिकार आयोगका अध्यक्ष श्री अनुपराज शर्माको प्रमुख आथित्यता रहेको उक्त कार्यक्रममा महाभेलाका आयोजक संघ संस्थाहरू, सहयोगी संस्थाहरू, पत्रकारहरू, मानव अधिकारकर्मी आदिको उपस्थिति रहेको थियो । सो कार्यक्रममा ७१ औं मानव दिवसको सन्दर्भमा आयोजना हुने ११ औं मानव अधिकार राष्ट्रिय महाभेला २०७६ को संयोजन गर्नका लागि महाभेला निर्देशिका अनुसार संयोजनमा गैर सरकारी संस्था महासंघ तथा सह–संयोजनमा राष्ट्रिय युवा महासंघ नेपाल र ग्रास रूट्स डिभेलपमेन्ट फाउन्डेसन चयन भएको जानकारी समेत गराईएको थियो ।

## फण्ड रेजिङ्ग समितिको बैठक सम्पन्न

नेपानको फण्ड रेजिङ्ग समितिको बैठक नेपानघरमा मिति २०७६ साल कार्तिक २४ गते तदनुसार १० नोभेम्बर २०१९ मा सम्पन्न भएको छ । उक्त बैठकमा फण्ड रेजिङ्ग समितिका सदस्य फविन्द्र भण्डारी, पदम भुसाल, अनिरूद्धनाथ शुक्ल को सहभागिता थियो भने कार्यकारी समितिबाट निवर्तमान अध्यक्ष चेतनाथ कणेल र कोषाध्यक्ष तेजबहादुर सुनारको सहभागिता थियो । त्यसैगरी सचिवालयबाट कार्यकारी निर्देशक उषा अर्याल दाहाल, कार्यक्रम तथा सूचना अधिकृत आशिष पाठक र प्रशासन तथा लेखा सहायक तुलसी सापकोटा को उपस्थिति रहेको थियो । उक्त बैठकमा विभिन्न व्यक्ति, दातृनिकाय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग समन्वय गरी सम्भावित अवसरहरूको खोजी गर्ने निर्णय गरिएको छ ।

## *नेपान स्रोतकेन्द्रमा उपलब्ध नयाँ सामग्रीहरू*

*१ १० औं मानव अधिकार राष्ट्रिय महाभेला – २०७५, प्रतिवेदन, युथ एड्भोकेसी नेपाल*

Celebrating 25th Year NEPAN

## सूचनाः

- के तपाईले नेपानको अद्यावधिक वेबसाइट (www.nepan.org.np) हेर्नु भएको छ ?
- के तपाईले डा. भोलाप्रसाद दाहाल स्मृति–कोष'का लागि नेपान सचिवालयमा आफ्नो सहयोग राशि उपलब्ध गराउनुभयो ? (हामी अपेक्षा गरिरहेका छौं)
- के तपाईले नेपानको YouTube channel subscribe गर्नु भयो ?
- के तपाईं (नेपान सदस्यहरू) ले लेख्नुभएका वा सम्पादन गर्नुभएका पुस्तक तथा पत्रपत्रिकाका प्रतिहरू नेपान स्रोत–केन्द्रमा उपलब्ध गराइरहनु भएको छ ?
- के तपाईले नेपानले आयोजना गर्न लागेको Result Based Case Story Writing तालिममा आफ्नो सिट रिर्जभ गर्नुभयो ? अथवा अरुलाई सहभागी हुनका लागि खबर गर्नुभयो ?